# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा पाँचथर १ नं. प्रदेश नेपाल कार्यलय नं२१६९६४९०

पत्र संख्या :२०७७/०७८ (प्रशासन शाखा ) मिति :२०७८।०३।१२

चलानी नम्बर :१२०३

**विषयः गाउँसभाका निर्णयहरु सार्वजनिक गरिएको बारे।**

प्रस्तुत विषयमा यस फालेलुङ गाउँपालिकाको कार्यालयमा मिति २०७८।०३।१० गते संचालन भएको तेस्रो गाउँसभामा भएका निर्णयहरु यस गाउँकार्यापालिकाको सूचनापाटीमा टाँस गरि सार्जवनिक गरिएको जानकारी व्यहोरा अनुरोध छ ।

**प्रस्तावहरुः**

१. गाउँपालिकाको आ. व. २०७८/०७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. गाउँपालिकाको आ. व. २०७८/०७९ को बजेट सम्बन्धमा ।
३. गाउँपालिकाको आर्थिक विधेयक, २०७८ सम्बन्धमा ।
४. गाउँपालिकाको विनियोजन विधेयक, २०७८ सम्बन्धमा ।
५. केही योजनाहरु संशोधन तथा रकमान्तर सम्बन्धमा ।
६. आगामी आ. व. २०७८/०७९ मा संघीय तथा प्रदेश समपूरक अनुदान माग गर्नका लागि योजनाको पहिचान गर्ने सम्बन्धमा ।
७. आगामी आ. व. २०७८/०७९ मा डि.पि.आर. गर्नुपर्ने योजनाको पहिचान गर्ने सम्बन्धमा ।
८. लेखा समितिको गठन गर्ने सम्बन्धमा ।
९. कोभिड - १९ नियन्त्रण सम्बद्ध कार्यक्रममा खटिने स्वास्थ्यकर्मीलाई आर्थिक प्रोत्साहन दिने सम्बन्धमा ।
१०. आर्थिक प्रशासन प्रमुख श्री मनिराज चङबाङलाई आर्थिक सुविधा दिने सम्बन्धमा ।
११. बालविकास केन्द्रका स. का. हरुको आर्थिक सुविधा वृद्धि सम्बन्धमा ।
१२. मालपोत सुदृढीकरण र सुधार कार्यक्रमका लागि रकम व्यहोर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. फालेलुङ गाउँपालिकाको गाउँसभा समक्ष उपाध्यक्ष श्री हिमा अधिकारी ज्यूले पेश गर्नुभएको आ. व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम' अनुमोदन गर्ने प्रस्ताव संशोधन सहित पारित गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । (अनुसूची : १)

२. फालेलुङ गाउँपालिकाको गाउँसभा समक्ष उपाध्यक्ष श्री हिमा अधिकारी ज्यूले पेश गर्नुभएको 'आ. व. २०७८/०७९ को बजेट' अनुमोदन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । (अनुसूची : २)

३. फालेलुङ गाउँपालिकाको गाउँसभा समक्ष उपाध्यक्ष श्री हिमा अधिकारी ज्यूले पेश गर्नुभएको 'आर्थिक विधेयक, २०७८'अनुमोदन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । (अनुसूची : ३)

४. फालेलुङ गाउँपालिकाको गाउँसभा समक्ष उपाध्यक्ष श्री हिमा अधिकारी ज्यूले पेश गर्नुभएको 'विनियोजन विधेयक, २०७८' अनुमोदन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । (अनुसूची : ४)

५.केही योजनाहरु संशोधन गर्ने तथा रकमान्तर गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो (अनुसूची : ५)

६. प्रस्तुत सन्र्दभमा आ. व. २०७८/०७९ मा संघीय तथा प्रदेश समपूरक अनुदान माग गर्नका लागि देहायका योजनाहरु छनौट गर्ने :

**देहाय :**

**संघीय समपूरक**

| क्र.सं. | योजनाको नाम | कुल लागत रु | संघीय समपूरकबाट रु. | गाउँ पालिकाबाट रु. |
|---|---|---|---|---|
| १ | चारघरे-हिमखान्दिन-बगाले-एकु-पापुन्देन-थरिगाँउ-लिखुरे-पताले-अंशुभञ्ज्याङ सडक निर्माण तथा | ३ करोड ९० लाख | ३ करोड | ९० लाख |

| | | | | |
|---|---|---|---|---|
| | स्तरोन्ती | | | |
| २ | **कुटीडाँडा-पाखे-कुपिले सडक निर्माण तथा स्तरोन्ती** | **२ करोड ६० लाख** | **२ करोड** | **६० लाख** |

**प्रदेश समपूरक**

| **क्र.सं.** | **योजनाको नाम** | **कुल लागत रु** | **प्रदेश समपूरकबाट रु.** | **गाउँ पालिकाबाट रु.** |
|---|---|---|---|---|
| **१** | **चरिभञ्ज्याङ-जिमाहा-कुनागाँउ सडक स्तरोन्नती** | **१ करोड ३० लाख** | **१ करोड** | **३० लाख** |
| **२** | **बतासे-वरभञ्ज्याङ-बुढीथाम मोटरबाटो स्तरोन्ती** | **१ करोड ३० लाख** | **१ करोड** | **३० लाख** |

७. प्रस्तुत सन्दर्भमा आगामी आ. व. २०७८/०७९ मा देहाय बमोजिमका योजनाहरुको डि.पि.आर. गर्ने :

**देहाय** :

१) मन्दिरटार-आगेजुङ गुम्बा सडक (वडा नं. १)

२) पानावा झरना-गुप्तेश्वर-महादेवथान-फक्तालुङ-माङहिम-थामचुली-कञ्जनजंगा भ्यू टावर (वडा नं ३)

३) चेम्फुवाखोला-गुप्ती सडक (वडा नं. ४)

४) सिलिङ्गेटार सर्वधाम पर्यटन स्थल (वडा नं. ४)

५) सुर्केथाम दूग्ध सहकारी संस्था चिस्यान केन्द्र (वडा नं ५)

६) अंशुभञ्ज्याङ-पाताले-लिखुरे-थरिगाउँ-पापुन्देन सडक (वडा नं. ८)

८. देहाय बमोजिम फालेलुङ गाउँपालिकाको लेखा समिति गठन गर्ने :

**देहाय** :

(क) श्री जीवन कुमार राई : संयोजक
(ख) श्री कमला चौहान : सदस्य
(ग) श्री प्रेम पौडेल : सदस्य

९. कोभिड - १९ नियन्त्रण सम्बद्ध कार्यक्रममा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई देहाय बमोजिम आर्थिक प्रोत्साहन दिने ।

**देहाय** :

(क) वडा नं. १ र वडा नं. ८ का तोकिएका हेल्प डेस्कमा खटिने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुलाई हाजिरीका आधारमा प्रतिव्यक्ति प्रतिदिन रु. २००।- का दरले थप आर्थिक सुविधा प्रदान गर्ने ।

(ग) कोरोना संक्रमण नियन्त्रणका खटिने स्वास्थ्य संयोजक श्री सुरज कुमार पासवानलाई चालू आ. व. का लागि एकमुष्ठ रु. १५,०००।- थप आर्थिक सुविधा प्रदान गर्ने ।

(ख) पि. सि. आर. तथा एन्टिनेज परीक्षणमा खटिने ल्याबका कर्मचारी श्री चन्द्रहाङ लिम्बूलाई मासिक रु. १०,०००।- का दरले २०७८ वैशाख, जेठ र असारको एकमुष्ठ रु. ३०,०००।- थप आर्थिक सुविधा प्रदान गर्ने । एकतीन स्वास्थ्य चौकीमा कार्यरत श्री ल्याब असिस्टेन्ट पवित्रा अधिकारीलाई एकमुष्ठ रु. ५,०००।- उपलब्ध गराउने ।

(ग) कोभिड - १९ विरुद्धको खोप लगाउने सन्दर्भमा थप गरिएका खोप केन्द्रमा खोप लगाइदिन खटिने स्वास्थ्यकर्मीलाई दैनिक रु. ७००।- तथा स्वयंसेवकलाई प्रतिदिन रु. ४००।- का दरले यातायात खर्च उपलब्ध गराउने ।

(घ) सो बापत्को रकम 'कोरोना कोष'शीर्षकबाट व्यहोर्ने ।सो शीर्षकमा रकम अपुग भएमा अन्य उपर्युक्त शीर्षकबाट भुक्तानी गर्ने ।

१०. काजमा खटिई आउनुभएका आर्थिक प्रशासन प्रमुख श्री मनिराज चडबाङलाई २०७७ माघदेखि २०७८ असार मसान्तसम्म जम्मा ६ महिनाको प्रतिमहिना रु. १५,०००।- का दरले प्रोत्साहन खर्च उपलब्ध गराउने । उक्त रकम 'कर्मचारी पारिश्रमिक' शीर्षकबाट व्यय हुने गरी भुक्तानी दिने ।



Email: phalelunggaunpalika@gmail.com
Website: www.phalelungmun.gov.np

पत्र संख्या :२०७७/०७८ (प्रशासन शाखा ) मिति :२०७८।०३।१२

चलानी नम्बर :१२०३

११. नेपाल सरकारबाट स्वीकृत बाल विकास केन्द्रमा कार्यरत स. का. हरुको मासिक तलब वृद्धि गरी प्रति व्यक्ति मासिक तलब रु. १२,०००।- बनाउने । गाउँपालिकाबाट स्वीकृत बाल विकास केन्द्रमा कार्यरत स. का. हरुको प्रति व्यक्ति मासिक तलब रु. ८,०००।- बनाउने ।

१२. मालपोत कार्यालय, पाँचथरमा आ. व. २०७७/०७८ मा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाहबाट प्राप्त राजस्व बाँडफाँडमध्ये फालेलुङ गाउँपालिकालाई प्राप्त ६०% को ५% मालपोत सुदृढीकरण र सुधार कार्यक्रमका लागि छुट्याउने ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत
फालेलुङ गाउँपालिका
थोक्लिम्बा, पाँचथर